नगर प्रमुखः ०९१-५६०३८०
प्रमुख प्रशासकीय अधिकृतः ०९१-५६०११८

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली,
सुदूरपश्चिम प्रदेश, नेपाल

(कार्यालयमा प्रथम पटक प्रकाशित मिति : २०८१।०२।२४ गते)

विषय : **बाँकीबक्यौता बहाल रकम बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

प्रस्तुत विषयमा यस टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको स्वामित्वमा रहेका सटर कवलहरु मसिक भाडा बुझाउने गरी बहालमा लिई पसल सञ्चालन गरि रहेका व्यक्ति/फर्महरुलाई गत विगतको बाँकीबक्यौता बहाल रकम बुझाई सम्झौता नवीकरण गर्नका लागि यस कार्यालयबाट विभिन्न मितिमा मौखिक तथा लिखित रुपमा ताकेता गरिएकोमा हालसम्म पनि बाँकीबक्यौता रकम फछ्यौंट नभएको र बहाल सम्झौता समेत नवीकरण भएको नदेखिएकोले आ-आफ्नो बाँकीबक्यौता रकम बुझाई सम्झौता नवीकरण गर्नका लागि यस कार्यालयमा सम्पर्क राख्न पत्राचार गर्दा केही व्यक्ति/फर्महरुले पत्र बुझि लिन इन्कार गरेकोले सम्बन्धित सबैले यस कार्यालयको राजस्व उपशाखामा सम्पर्क राखी यही मिति २०८१।०२।३२ गते भित्रमा अनिवार्य रुपमा बाँकीबक्यौता रकम बुझाई बहाल सम्झौता नवीकरणका लागि निवेदन पेश गर्नु हुन अनुरोध छ । पत्र बुझ्न इन्कार गर्ने, तोकिएको म्याद भित्रमा बाँकीबक्यौता रकम नबुझाउने वा बहाल सम्झौता नवीकरण नगरी सटर कवलमा पसल सञ्चालन गर्ने व्यक्ति/फर्महरुको बाँकीबक्यौता सहितको नामनामेसी विवरण पत्रपत्रिका, कार्यालयको वेवसाइट लगायत अन्य माध्यमबाट सार्वजनिक गर्नुका साथै नगर कार्यपालिकाको निर्णय तथा प्रचलित कानून बमोजिम कोठा खाली गराई बाँकीबक्यौता रकम असुल उपरका लागि आवश्यक कारबाही अगाडि बढाउन यस कार्यालय बाध्य हुने भएकोले यसबाट सम्बन्धित व्यक्ति/फर्मको मान प्रतिष्ठामा कुनै असर पुग्न गएमा यस कार्यालय जबाफदेही नहुने ब्यहोरा समेत यसै साथ सूचित गरिन्छ ।

....................................
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत